


**Research Management Cell**
**Adarsha Multiple Campus**

**AMC Journal**
**Link : https://doi.org/10.3126/amcj.v4i1.63837**

ISSN: 2717-4808 (Print), 2738-9987 (Online)

# लक्ष्मीप्रसाद देवकोटाका आख्यानमा मनोविश्लेषण

**डा. रजनी ढकाल** *

**सार**

*प्रस्तुत लेख नेपाली साहित्यका महाकवि लक्ष्मीप्रसाद देवकोटाका कथा र उपन्यासमा चित्रित मनोविश्लेषणको अध्ययनमा केन्द्रित छ । देवकोटाका तेह्रवटा कथाहरूको संगालो लक्ष्मी कथासङ्ग्रह र चम्पा उपन्यासमा पात्रका अन्तरमनका फरक तहको चित्रण भएको पाइएकाले ती आख्यानहरूमा रहेका पात्रको मनस्थितिको विश्लेषण यस लेखमा गरिएको छ । मनोविश्लेषणको सैद्धान्तिक आधार निर्माण गरी पाठपरक विश्लेषण विधिमा लेखिएको यस लेखमा कथा र उपन्यासका पात्रको मनोविश्लेषणका लागि यौनमनोविज्ञानको अभिव्यक्ति, बालमनोविज्ञानको चित्रण, नारीस्वतन्त्रताको मनोविज्ञान, मानसिक चोट र पागलपनको अभिव्यक्ति तथा लकानेली कल्पनाशीलतालाई आधार बनाइएको छ । लक्ष्मीप्रसाद देवकोटाका आख्यानमा पात्रको मनोविज्ञानलाई सूक्ष्म रूपमा केलाई समाजको अवस्थालाई बोध गराउन सफल रहेका र उनका आख्यानका पात्रहरू समाजको परम्परित सोचका विरुद्ध सचेत भएका, सामाजिक न्याय र वैयक्तिक स्वतन्त्रताप्रति जागरुक भएका देखिन्छन् । देवकोटाका आख्यानका पात्रहरू विभिन्न परिस्थितिका कारण आइपरेका असामान्य अवस्थाबाट चोटपूर्ण बन्न पुगेका छन् । त्यसैले प्रस्तुत अध्ययनमा लक्ष्मीप्रसाद देवकोटा समाजका वास्तविकतासँग जोडिएका आख्यानमा पात्रको मनस्थितिको सूक्ष्म चित्रण गर्न सफल आख्यानकार बनेको निष्कर्ष निकालिएको छ । उनका आख्यानले नारी, बाल, अभिघातीत पात्रका मनस्थिति, यौनचाहनाले विक्षिप्त पात्रका मनस्थिति केलाई समाजको वास्तविकताको उजागर गरेका छन् ।*

***मुख्य शब्दावली*** : *नारीस्वतन्त्रताको मनोविज्ञान, पागलपनको अभिव्यक्ति, बालमनोविज्ञान,* यौनमनोविज्ञान, *लकानेली कल्पनाशीलता ।*

* डा.रजनी ढकाल नेपाली केन्द्रीय विभाग, त्रि.वि.मा प्राध्यापन गर्नुहुन्छ । इमेल : rajanidhakal@yahoo.com

## परिचय

लक्ष्मीप्रसाद देवकोटामा सिर्जनाको अजस्र प्रतिभा थियो । यसका साथै उनी असल मानवीय गुणले बनेका विशेष व्यक्तित्व थिए । उदार हृदय, देशभक्ति, युगचेतना, सामाजिक न्यायको भावना र मानवताप्रतिको उत्कट निष्ठाले उनको व्यक्तित्व र लेखकीय चिन्तन दुवैलाई विशिष्ट बनाएको हो भन्न सकिन्छ । नेपाली साहित्यका सबैजसो विधामा कलम चलाएका महाकवि लक्ष्मीप्रसाद देवकोटाको साहित्य लेखनको प्रिय विधा आख्यान पनि रहेको छ । उनका *लक्ष्मी कथासङ्ग्रह* (२०३२) र *चम्पा* (लेखन २००४, प्रकाशन २०२४) उपन्यास प्रकाशित छन् । देवकोटाको पहिलो कथा 'उनको मने' (१९९६, *शारदा*) हो । सोही समयतिर लेखिएका उनका तेह्रवटा कथा *लक्ष्मी कथासङ्ग्रह*मा सङ्कलित छन् । दशवटा जति कथाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित तर असङ्कलित अवस्थामा रहेका र देवकोटाले २००७ सालमा बनारस पठाउन भनी शङ्कर लामिछानेलाई श्रुति लेखन गरेर दिएका पाँचवटा कथाहरू भने अप्रकाशित नै छन् भन्ने कुरा *बिम्ब-प्रतिबिम्ब*मा पाइन्छ (लामिछाने, २०२८, पृ.७८-७९) । त्यसैगरी उनले लेख्ने योजना बनाई तयार पारेका एक सयवटा शीर्षकहरू अङ्ग्रेजी भाषामा रहेको तथ्य चूडामणि बन्धुले देवकोटाको जीवनीमा उल्लेख गरेका छन् । यसबाट देवकोटामा आख्यान लेखनको गहिरो रुचि र योजना रहेको प्रमाणित हुन्छ । नेपाली साहित्यमा कविता र निबन्ध विधामा झैँ सफलताको जस देवकोटालाई नमिले पनि उनका आख्यानले तत्कालीन समयको समाज र ती समाजका पात्रहरूको मनोविज्ञानलाई सूक्ष्म ढङ्गले विश्लेषण गरेका छन् ।

*चम्पा* लघु उपन्यासमा देवकोटाले सहमतिबिनाको अनमेल विवाहबाट उत्पन्न दाम्पत्यजीवनको समस्या र त्यसको मनोविज्ञानलाई प्रस्तुत गरेका छन् । परम्परागत समाजले महिलाप्रति गर्ने गरेको उपेक्षा र उसको यौनेच्छापूर्तिमा गरेको बाधाको केन्द्रमा यो उपन्यास रचिएको छ । पतिको अस्वस्थताले चम्पामा उत्पन्न मानसिक असन्तुष्टि र उसको अहम्को मनोविज्ञानलाई मात्र नभई युवा उमेरमा रोगी भई पत्नी र यौनसम्बन्धको परहेजमा बस्न बाध्य भएको रामकान्तको मनोविज्ञानलाई पनि यस उपन्यासले चित्रण गरेको छ । यसैगरी सामाजिक सम्बन्धमा रहेका सासूबुहारी, देउरानी जेठानीको सम्बन्धको मनोविज्ञानलाई समेत उपन्यासले केलाएको छ । उमेर नपुगी विवाह भएकी किशोरी चम्पाको मनोविज्ञान बुझ्न नसक्ने अभिभावक र उसलाई बुझ्न नसक्ने पारिवारिक सम्बन्धका पात्रहरूले गर्दा जटिल बन्दै गएको चम्पाको मनस्थितिलाई उपन्यासले रोचक ढङ्गले प्रस्तुत गरेको छ ।

*लक्ष्मी कथासङ्ग्रह*मा सङ्कलित तेह्रवटा कथामध्ये 'उनको मने' र 'तारा' कथामा बाल मनोविज्ञानको चित्रण छ भने 'गुरु ज्ञानसिंह', 'शिशिली आफ्नो बिहे आफैँ गर्छिन्', 'मर्स्याङ्दी' जस्ता कथामा सामाजिक सांस्कृतिक विषयसँगै यौनमनोविज्ञानको पक्ष सबल रहेको छ । त्यसैगरी उनका अन्य केही कथाहरू पनि नारीमनोविज्ञान, अभिघात, लकानेली मनोविश्लेषण आदिका पक्षबाट अध्ययनीय रहेका छन् । सामाजिक यथार्थलाई आलोचनात्मक चेतनासहित प्रस्तुत गरिएका उनका आख्यानका पात्रको

मनोविश्लेषणात्मक अध्ययन एउटा महत्त्वपूर्ण विषय हो । देवकोटाका आख्यानमा मनोविज्ञानलाई केन्द्र बनाएर केही अध्ययन भए पनि मनोविश्लेषणात्मकताका दृष्टिबाट उनका आख्यानको अध्ययन हुन सकेको देखिँदैन । प्रस्तुत लेख देवकोटाका आख्यानमा समाहित मनोविश्लेषणात्मक पक्षहरूको अध्ययनमा केन्द्रित छ ।

## उद्देश्य

प्रस्तुत लेखमा देवकोटाका आख्यानको मनोविश्लेषणात्मक अध्ययन गर्ने मूल उद्देश्य रहेको छ । यसअनुसार यस अध्ययनमा देवकोटाका कथा र उपन्यासका पात्रको मनोविश्लेषणात्मक तथ्यको खोज गरी पाठको विश्लेषण गरिएको छ । अध्ययनको मूल उद्देश्यअनुसार पात्रका अन्तरमनका यौन, बाल, नारी मनोविज्ञानका सन्दर्भ तथा अभिघातीत मनस्थिति तथा लकानेली मनोविज्ञानसँग जोडिएका तथ्यको मनोविश्लेषणात्मक अध्ययन गरिएको छ ।

## विधि

प्रस्तुत अध्ययनका निम्ति निर्धारित उद्देश्य पूरा गर्न लक्ष्मीप्रसाद देवकोटाका *लक्ष्मी कथासङ्ग्रह* र *चम्पा* उपन्यासका पात्रका अन्तरमनका फरक तहको खोजी गरी कथा र उपन्यासमा व्यक्त भएका पात्रका असामान्य मनस्थितिलाई प्राथमिक सामग्रीका रूपमा सङ्कलन गरिएको छ । यसरी सङ्कलन गरिएका सामग्रीबाट प्राप्त भएका तथ्यको विश्लेषण र मूल्याङ्कन गरी निष्कर्षसम्म पुग्नका लागि मनोविश्लेषणका विषयमा सिग्मन्ड फ्रायड, ब्रोयर, जुलिया क्रिस्तेभा, लुसी इरिगेरी, हेलेन सिक्सस, ज्याक लकानका मनोविश्लेषणसम्बन्धी सैद्धान्तिक मान्यताको विश्लेषण गरिएका अन्य सैद्धान्तिक र प्रायोगिक ग्रन्थहरूलाई द्वितीयक सामग्रीका रूपमा सङ्कलन गरिएको छ । यी सामग्रीको उपयोग गरी *लक्ष्मी कथासङ्ग्रह* र *चम्पा* उपन्यासमा अभिव्यक्त मनोविश्लेषणको अध्ययन गरिएको छ । पाठपरक विश्लेषण विधिमा लेखिएको यस लेखमा कथा र उपन्यासका पात्रको मनोविश्लेषणका लागि यौनमनोविज्ञानको अभिव्यक्ति, बालमनोविज्ञानको चित्रण, नारीस्वतन्त्रताको मनोविज्ञान, मानसिक चोट र पागलपनको अभिव्यक्ति तथा लकानेली कल्पनाशीलतालाई आधार बनाइएको छ ।

## सैद्धान्तिक आधार

मनको अन्तरङ्ग विश्लेषण नै मनोविश्लेषण हो । मानिसको जीवन र उसको कार्यशैली मनमा रहेका अनन्त इच्छाद्वारा निर्देशित हुन्छ भन्ने मनोविश्लेषणवादबाट निर्धारित सैद्धान्तिक चिन्तनले मूलतः मनको अध्ययन गर्दछ । यस सिद्धान्तका प्रणेता र मूल व्याख्याता सिग्मन्ड फ्रायड हुन् । उनले मनलाई चेतन, अवचेतन र अचेतन गरी तीन तहमा बाँडेर अध्ययन गरेका छन् । अचेतन मनबाट निर्देशित हुने मानिसका व्यवहारको अध्ययन नै मनोविश्लेषण हो र मानिसको मनभित्र दबिएर रहेका वा दमनमा परेका विषय अचेतन हुन् (फ्रायड, सन् १९८९, पृ. ५७३) । अचेतन मन अतृप्त इच्छाहरूको भण्डार हो । मनमा रहेका अनन्त इच्छा र चाहनाहरू अनुकूल समय र परिस्थिति

पाउनासाथ व्यवहारमा देखिन्छन् । अचेतनमा रहेका भावनालाई व्यवहारमा बारम्बार देखाउने काम मनोरोगीले गर्छ भन्ने फ्रायडको मान्यता छ । मनोविश्लेषण भन्नु नै पात्रमा रहेको त्यही अचेतनको खोजी हो । मानसिक रोगीको उपचार गर्ने तरिकाका रूपमा मनोचिकित्सक फ्रायडले सुरु गरेको ज्ञानको यो आधारले साहित्यका पात्रको अचेतनलाई खोज्ने साहित्यको विश्लेषण गर्ने एउटा आधार बनेको छ । साहित्यमा विषयको प्रस्तुति पात्रका माध्यमबाट हुन्छ र तिनका जीवनमा रहेका अनेक समस्याहरूसँगै मनको भित्री तहमा रहेको मनस्थितिको खोजी गर्ने काम हुन्छ । फ्रायडका अनुसार मानिसको भित्री मनमा रहेका चाहनाहरू मानिसका शारीरिक सुख र आनन्दसँग जोडिएका हुन्छन् । उनले शरीरको सुखापेक्षी स्वभावलाई मनको अचेतनतासँग जोडिदिएका छन् (घर्ती, २०७९, पृ. १६४) । त्यसैले साहित्यमा पात्रको अचेतन मनमा रहेका चाहना कसरी उसका बोली र व्यवहारमा परिणत भएका छन् भन्ने कुरा खोजिन्छ ।

समाज तथा जीवनका अनेक परिस्थितिहरूले सजिलै पूरा हुन नसकेका चाहनाहरू मानिसको अचेतनमा रहन्छन् र अनुकूल अवसर पाउनासाथ ती पात्रका बोली, व्यवहार र हाउभाउबाट प्रकट हुन्छन् भन्ने फ्रायडेली मान्यतालाई उनीपछिका मनोविश्लेषकहरूले पनि स्वीकार गरेका छन् । वैयक्तिक मनोविज्ञानका रूपमा सिद्धान्त निर्माण गरेका अल्फ्रेड एडलर हुन् वा समाज मनोविश्लेषणात्मक सिद्धान्तकारका रूपमा सामूहिक अचेतनलाई केन्द्र बनाएका कार्ल गुस्ताभ युङ हुन् सबैले अचेतनतालाई स्वीकार गरेका छन् (घर्ती, २०६७, पृ.३८) । यसैगरी नारीवादलाई मनोविश्लेषणसँग जोड्ने नारीवादीहरू जुलिया क्रिस्तेभा, लुसी इरिगेरी, हेलेन सिक्स आदिले नारीदमन र नारीका अचेतनतर्फ अध्ययनलाई केन्द्र बनाएका छन् (उप्रेती, २०६९, पृ.२४५) । त्यसैगरी शारीरिक र मानसिक गहिरो चोटबाट निर्माण भएको पात्रको विक्षिप्त मनोअवस्थालाई फ्रायड, ब्रोयर, अट्टो रेङ्क आदिले अभिघातका रूपमा पनि चिनाएका छन् । मानसिक सन्तुलन गुमाउन पुगेको विक्षिप्त मनोअवस्थालाई पनि मनोविश्लेषणात्मक अध्ययनमा समेटिएको छ (घर्ती, २०६७, पृ. ४७) । समाजमा हुने गरेका युद्ध र द्वन्द्वका अनेक सन्दर्भसँगै पछिल्लो समयमा अभिघातको अध्ययनले अझ फराकिलो रूप धारण गरेको छ । त्यसैगरी बालबालिकाको अबोध मनोअवस्था र तिनको निर्दोष मनस्थितिको अध्ययन पनि मनोविज्ञानको विषय हो । उत्तरसंरचनावादी ज्याक लकानले पनि फ्रायडेली मनोविज्ञानलाई भाषासँग जोडेका छन् । उनले अचेतनको संरचना भाषाको संरचनाजस्तै हुन्छ (लकान, सन् १९७७, पृ. ४९-५०) भनेका छन् । कतिपय सन्दर्भमा उनले अचेतनलाई स्वैरकल्पनासँग जोडिदिएका छन् । उनले फ्रायडेली मान्यतालाई फरक ढङ्गमा विश्लेषण गर्दै व्यक्तिले आनन्दका लागि आफूलाई अर्कै ठान्ने मनोवृत्ति अँगाल्छ भनेका छन् । मनोविश्लेषणको सिद्धान्त पछिल्लो समयमा विकसित हुँदै गरेका अध्ययनका अनेक पक्षसँग पनि जोडिएको छ । उत्तरऔपनिवेशिकता, साइबर संस्कृति, पर्यावरणीय अध्ययन, भूत सिद्धान्त आदिसँग पनि यसको सम्बन्ध रहेको छ । यहाँ यौनमनोविज्ञान, अभिघात, नारीस्वतन्त्रताको मनोविज्ञान, लकानेली कल्पनाशीलता तथा बालमनोविज्ञानका केही आधारलाई प्रयोग गरेर देवकोटका आख्यानको विश्लेषण गरिएको छ ।

## प्राप्ति र छलफल

### चम्पा उपन्यासमा यौनमनोविज्ञानको अभिव्यक्ति

*चम्पा* उपन्यासका चम्पा र रामकान्तका साथै अन्य पात्रहरूका व्यवहारमा यौनचाहना प्रतिबिम्बित छ । यस उपन्यासका पात्रहरूमा समाजका अनेक नियम, परम्परागत व्यवहार, पारिवारिक परिस्थिति, स्वास्थ्यवस्था आदिका कारण पूरा हुन नसकेको यौनको चाहना तिनका बोली, हाउभाउ र व्यवहारहरूबाट प्रकट भएका छन् । उपन्यासमा बाह्र वर्षीया किशोरीदेखि बहत्तर वर्षका श्रीकान्तसम्मका व्यवहारमा यौनिक रुचिका हाउभाउ प्रकट भएका छन् । उपन्यासमा चम्पाका हजुरबा, हजुरआमा, सासू, जेठानीहरू, चम्पाको पति रामकान्त आदिका यौनमूलक व्यवहार चित्रित छ ।

उपन्यासकी मूल पात्र चम्पामा किशोरावस्थादेखि यौनिक चञ्चलता देखिन्छ । फ्रायडले बाह्र वर्षपछिको उमेर जनेन्द्रिय अवस्थामा रहने र यो उमेरपछि किशोरकिशोरीहरू विपरीत लिङ्गीप्रति आकर्षित हुने यौनमनोविज्ञानको पक्षलाई बुझाएका छन् । उपन्यासकी मूल पात्र चम्पामा किशोरी चञ्चलता देखिन थालेपछि घरमा उसको विवाहको कुरो उठेको छ । रजस्वला नभइसकेकी चम्पाको चञ्चलता र बहिर्मुखी स्वभावलाई उपन्यासको सुरुवातमा नै चित्रण गरिएको छ । हजुरबुबा सुब्बा श्रीकान्तलाई ऐना हेरेको देखेपछि बाह्र वर्षीय चम्पाले चञ्चले स्वभावमा सोधेकी छ, “हैन हजुरबुबा ! हजुरलाई पनि ऐना हेर्न मन लाग्छ ?” (पृ. १०) । हजुरबुबाको बुढ्यौली उमेरले सुन्दरताका विषयमा रुचि नराख्ला वा आफू मात्र किशोर उमेरमा सुन्दर देखिने चाहनामा हुन्छु भन्ने उसको आन्तरिक सोच यहाँ प्रकट भएको छ । विपरीत लिङ्गीका अगाडि आफूलाई सुन्दर देखाउने मनको भित्री चाहनाले चम्पाले आफूलाई पटक पटक सिँगारेको र ऐना हेरेको सन्दर्भ पनि उपन्यासमा आएको छ । त्यसैगरी उसको सौन्दर्यप्रतिको रुचिले गर्दा पनि हजुरबुबाले उसलाई बिहे गरिदिने कुरा सुनाएका छन् । उपन्यासको सुरुतिर वर्णित उसको सौन्दर्यमोह, तर्कशील सोच, वैयक्तिक स्वतन्त्रताका लागि प्रतिकार गर्ने चेतनाबाट चम्पाको व्यक्तित्व परिपक्वतातिर प्रवेश गरेको देखिन्छ । उसको बोली, व्यक्तित्व र स्वभावमा देखिएको चपलतालाई उपन्यासमा यसरी चित्रण गरिएको छ - “ध्वनिहरूको निरर्थक अनुप्रासात्मक उफरआफर चापल्य र रसनोत्तेजकता उनको स्वभावको दानासँग मिल्थ्यो” (पृ. १३) । किशोर उमेरबाट अनेक जिज्ञासासहित शरीरमा देखिएका परिवर्तन स्वीकार गर्दै मनमौजी जीवनशैली मनपराउने किशोरीको स्वभावलाई यहाँ चित्रण गरिएको छ ।

समाजको परम्परित सोचअनुसार चम्पाको विवाह किशोर उमेरमा नै भएको छ । परिवारका महिला सदस्यको दबाब पनि यसको एउटा कारक बन्न पुगेको देखिन्छ । उमेर नमिल्ने, जोडी पनि नमिल्ने तथा चम्पाको कल्पनाको व्यक्तित्व बाहिरको रामकान्तसँग विवाह भएपछि चम्पा कहिल्यै खुसी हुन सकेकी छैन । चम्पामा रहेको यौनको चाहनालाई न रामकान्तको खराब स्वास्थ्यस्थितिले पूरा गर्न दिन्छ न त रामकान्तको कमजोर र अगठित शरीरप्रति चम्पामा कुनै मोह जाग्छ । आफ्नो चाहना विपरीतको मान्छेसँग विवाह गर्नुपरेकोमा चम्पा सधैँ रुष्ट हुन्छे । परिवारका अन्य सदस्यसँग पनि सधैँ

झगडा गरिरहने र आफ्नो अभिमानी व्यक्तित्व देखाउने उसको स्वभाव यौन चाहनाको दमन र आफ्नो सोच अनुसारको पुरुष प्राप्त नगर्नुको कारण नै हो । हुन त उपन्यासमा परम्परित समाजका सासू र जेठानीहरूको हेपाहा व्यवहारका विरुद्ध उसको अस्तित्वचेत मुखरित भएको छ तर चम्पामा परिवारभित्र सुखी भएर बस्न नसक्ने चिडचिडे स्वभाव विकसित हुनुमा उसको पति रामकान्तको कमजोर र रोगी व्यक्तित्व नै कारक भएको छ । आफ्नो अपेक्षाविपरीतको दुर्बल शारीरिक व्यक्तित्व भएको पात्रलाई पति बनाउन परेकोमा चम्पामा असन्तुष्टि देखिन्छ । रामकान्तलाई कुनै रूपमा पनि स्वीकार गर्न नसकेको चम्पाको व्यवहारलाई उपन्यासमा यसरी चित्रण गरिएको छ :

> सुवासिनी मान्छेका जोडजिट्टीले चम्पा र रामकान्तको बिहा भयो । दुलही बिहाको दिन खूब रोइन् । भात खाइनन् । घरमा पनि भोलिपल्ट बिहानसम्म सुँक्कसुँक्क गरिरहेकै देखिन्थिन् । जब दुलाहाबाजे रामकान्त पोशाक उतारेर भान्सातर्फ रवाना भएका थिए, दुलहीले आफ्नो दुलाहाको शारीरिक सौन्दर्यको भेद पत्ता लगाइन् । 'छाती' उनले विचार गरिन्, 'डमरुको छालाजस्तो सुक्या' रहेछ । परेवा छाती रे त्यस्तो बाङ्गेको हाड उठेको - हाम्रो बुबाले भन्नुहुन्थ्यो । आँगभरि छिः के विधि डन्डीफोर होला - सब पाक्या' छ, कस्तो फोहोरी मान्छे होला छिः - गालामा के त्यति लामो खुकुरीले काट्या' जस्तो अथवा भालुले चिथोऱ्या' जस्तो !... च्यान्टा घोडा भनेर जस्तो गिज्याएको हो ! - नामै च्यान्टी भइसक्यो आर्का' । कति सानो मान्छे होला ? चिमिरे ! भँगेराजस्तो - काखी गन्हाएर वाक्क आइरहेछ अझ !' दुलहीले बान्ता गरेकी थिइन् त्यस बिहान । दुलहादुलहीलाई एकै ओछ्यानमा त्यस रात सुताइदिएका नन्द अमाजूले । रातभरि दुलहीलाई निद्रा लागेन । शरीरको गन्ध कुनै मान्छेको, बाफै तातो नै कस्तो-कस्तो पेट उमठ्लाजस्तो - दुलहीलाई घनघोर घीन लाग्यो । (पृ. ३०-३१)

चम्पामा रामकान्तप्रति देखिएको उदासीनता अपेक्षित चाहना पूर्ति हुन नसक्ने सोच नै हो जुन उपन्यासका पछिल्ला भागबाट पुष्टि हुन्छ । कुनै रूपमा पनि आकर्षित गर्न नसकेको दुलाहा रामकान्तको व्यक्तित्वप्रति चम्पामा घृणाभाव उत्पन्न भएको छ । यौन सुख दिन नसक्ने जस्तो शरीर भएका कारण नै उसलाई पहिलो रातमा नै रामकान्त गन्हाएको छ । यसैको प्रतिकारमा उसले बान्ता गरेकी छ । रातभर निद्रा नलाग्नु, पेट उमठ्लाजस्तो हुन्नु, उसको व्यक्तित्वले कुनै पनि आकर्षण नगर्नु चम्पाको संभावित यौन असन्तुष्टिका प्रतिक्रियात्मक व्यवहार हुन् । यौन सुखसँग प्रणय र व्यक्तित्वको आकर्षण जोडिएको हुन्छ भन्ने कुराको सङ्केत चम्पाका व्यवहारबाट स्पष्ट भएका छन् । "चम्पा चाहन्थिन् केही आर्कै, पर्न गयो केही अर्कै" (पृ. ३२) ले उनको अपेक्षा विपरीतको व्यक्ति लोग्ने बनेको स्पष्ट भएको छ । भित्रैदेखि मन नपरेको व्यक्तिसँग ऊ कहिल्यै खुसी हुन सकेकी छैन र अन्ततः घर नै त्यागेर हिँडेकी छ ।

उपन्यासमा चम्पा र रामकान्तका बिचमा केही समय आकर्षण रहेको देखिएको छ । टिबी रोगी पतिसँग सम्बन्ध राख्न नहुने भन्ने परिवारको आदेशानुसार चम्पाले आफूलाई नियन्त्रणमा राखेकी छ

तर रामकान्त केही स्वस्थ भएको अवस्थामा उसले चम्पाप्रति अनुराग देखाउँदा चम्पाका मनमा यौनका अनेक रहर बढेका छन् । उसले बारम्बार पतिको सान्निध्य चाहेकी छ र त्यसको प्रतिकारमा बोलेकी छ, “जोडाजोडी मिलेर कति टुँडिखेल डुल्न जान्छन्, आफ्नो त्यति पनि छैन कोठाभित्र पसी रे । किन नपस्नु त कोठामा ?” (पृ. ४६) । कोठामा पतिसँगै बस्न पनि बन्देज झैँ गरेकी सासूसँग चम्पालाई गुनासो छ । पतिसँग यौन परहेजमा बस्नुपरेकोमा ऊ परिस्थितिप्रति रुष्ट बनेकी छे । सासू र जेठानीहरूको बुहार्तनले कस्तै लगेको उसको जीवन झन् बिरसिलो बनेको छ। यसैको प्रतिकारस्वरूप उसले घरलाई जेल मानेकी छ । चम्पाले यौन असन्तुष्टिका कारण प्रतिकारस्वरूप गरेका (पात च्यात्नु, सासू र जेठानीलाई अपमानपूर्ण बोलीले मुखमुखै लाग्नु, परिवारको चाहना विरुद्धको भड्किलो शृङ्गार गर्नु आदि) विद्रोही व्यवहार मात्र होइन यौनको क्षतिपूर्तिका लागि गरेका रसपूर्ण व्यवहार पनि उपन्यासमा वर्णित छन् । पतिको सान्निध्यमा रहन नपाएकी चम्पाले कृष्णको फोटोलाई अँगाल्नु, सिनेमा हेर्ने लत बसाउनु, बारम्बार बगैँचामा फूलका बिचमा बस्नु, फूलले चुल्ठो सिँगार्नु, रावणले सीताको हरण गरेको सन्दर्भ सम्झेर आनन्दित हुनु, सकिँदै जाने सौन्दर्य र बैँसलाई सम्झेर भोगवादी हुन मनपराउनु, नुरजहाँ र मुमताजको प्रेम सम्बन्धले कल्पिनु, पतिलाई फिल्मस्टार बनाएर सिनेमा खेल्न चाहनु आदि उसका यौनिक चाहनाका व्यवहार र सोचहरू हुन् । वास्तविकतामा पाउन नसकेपछि उसको मन कल्पनाका अनेक यौनिक र प्रेममय पात्रत्वमा विचरण गरेको छ ।

टोखाबाट स्वास्थ्यमा सुधार भएर फर्किएपछि रामकान्तको अतृप्त यौनले टिबी रोगको परहेजलाई नाघ्न खोजेको छ। ऊ चम्पाको सौन्दर्यमा मोहित भएको छ र बारम्बार उसको सान्निध्य र यौनसुखमा पुग्न चाहेको छ। कोठामा चम्पालाई राख्न खोज्नु, रोगलाई बेवास्ता गरी चम्पालाई खोजिरहनु, स्वच्छन्दतावादी कवि टेनिसनको कवितात्मक पङ्क्ति “एकबाजि प्रेम गरेको हुनु र गुमाएको हुनु कहिले पनि प्रेममा नपरेको हुनुभन्दा उत्तम छ” (पृ. ५५) सम्झिनु, कामदेवलाई राजा मान्नु, सृष्टिको संरचना नै यौनसँग जोडिएको देख्नु, सिग्मन्ड फ्रायडको दर्शन र लिङ्ग महिमा सम्झिनु, हरेक मनुष्यलाई यौनमूर्ति देख्नु, चम्पालाई उर्वरा भूमि सोच्दै उनको उत्पादकत्वमा आफ्नो आवश्यकता देख्नु आदिले उसमा भएको यौन रुचिलाई प्रस्ट पारेको छ । यौनचाहना पूरा हुन नसक्दा रामकान्त राति बाह्र बजे धारामा नुहाउन गएको छ। त्यतिमात्रै होइन आफूलाई रोग लागेको र चम्पासँग नजिक हुन नपाइने भएपछि आफ्ना सम्पूर्ण पुस्तक च्यातेर आफ्नो ज्ञानप्रति उपहास गरेको छ। उसले पत्नी चम्पालाई आफूबाट मुक्त भएको घोषणा गरी पुनर्विवाह गर्न भनेको छ। यौनकर्मबाट बर्जित रामकान्तको जीवनप्रतिको मोह सकिएको छ। ऊ जोगीझैँ जपमाला लिएर शान्त र मौनजस्तो देखिए पनि बारम्बार उसमा टिबी रोग र आफ्नो परिस्थितिप्रति घोर असन्तुष्टि देखिएको छ । उसले चम्पासँग राख्न चाहेको सम्बन्ध पूरा हुन नसकेपछि ऊ पनि घरबाट बेपत्ता भएको छ । उपन्यासमा रामकान्तको यौनमनोविज्ञानलाई यसरी चित्रण गरिएको छ :

> कामदेव नै संसारको सच्चा राजा हो जब प्रथम कामको स्पन्दनमै ब्रह्माबाट पनि संसार रचना भएन । प्रेम प्रतिक्रिया हो । भाले-पोथी, पोथी-भाले यहाँभन्दा दुनियाँमा अर्को के छ ?

> पशुपति-गुह्येश्वरी, गुह्येश्वरी-पशुपति । कि जाने शङ्कराचार्यले जीवनको रहस्य कि जाने सिग्मन्ड फ्रायडले । लिङ्ग दर्शन संसारको उच्चातिउच्च दर्शन हो । के हरेक मनुष्य यौनमूर्ति होइन ? पर्दाभित्र आत्मा भनेकै त्यही हो । जीवन संवर्द्धनको क्रियाको निमित्त योग्य स्वस्थता राख्नु नै पौरुष हो । (पृ. ५५)

आफ्नो जीवनमा प्रेम सुरु हुनुभन्दा पहिले मृत्यु आएकोमा रामकान्त असन्तुष्ट छ तर बाँच्ने इच्छाले नै ऊ चम्पासँग यौन सम्बन्ध नराखी टाढा भएको छ । टिबी रोगले यौन सम्बन्धमा रहन नसके पनि ऊ अन्तिम समयसम्म चम्पाप्रति आकर्षित छ । उसले चम्पालाई लेखेको चिठीमा चम्पाको सौन्दर्य र यौनसुखको कल्पना गरेको छ - "म तिम्रो ज्वाला, पवित्र सुन्दर ज्वालामा होमिएर शीघ्र मर्न चाहन्नँ" (पृ. ५८) । त्यसैगरी चम्पाले पनि रामकान्तले उसलाई स्वतन्त्र भएर अगाडि बढ, पढ, आफ्नो अस्तित्वमा बाँच, बोक्रे धर्मका विरुद्ध लड भने पनि रामकान्तको त्यागप्रति केही असन्तुष्ट रहेकी छ । उसले आफूलाई हाँगा काटिएको लहराजस्तो ठान्दै बिलौना गरेकी छ । घरवैरागी नै भएर बसे हुने भन्ने उसको अपेक्षाले ऊ रामकान्तको वरिपरि नै रहन चाहेको देखिन्छ । रामकान्तलाई ढुङ्गाको मन भएको भनी गाली गर्नुबाट उसमा रामकान्तप्रति केही आकर्षण बाँकी रहेको बुझिन्छ । पतिपत्नीको सम्बन्ध र सामाजिक बन्धनले पनि चम्पाको मनले यसरी सोच्न पुगेको हो तर त्यसको अन्तर्यमा पुरुष सान्निध्यको मोह रहेको छ । रामकान्तसँगको बिछोड र परिवारको ताडनाले क्रोधित चम्पामा विद्रोही सोच आएको छ र अन्त्यमा घर छोडेर हिँडेकी छ ।

उपन्यासमा बहत्तर वर्षका चम्पाका हजुरबुबा श्रीकान्त र सुब्बेनी बज्यै निशाका कुराकानी पनि यौनिक रुचिका व्यवहारमा केन्द्रित छन् । सुब्बाले नातिनीका गाला निमोठ्नु, उसको चञ्चलतामा मोहित हुँदै उसलाई जिस्क्याइरहनु यौनिक सुखका सङ्केत हुन् । सुब्बेनी बज्यैको रङ्गिलो र सिंगारिएको कोठा, कपाल फुलेकोमा उनलाई परेको चिन्ता, कृष्णको फोटो, झकिझकाउ लुगाहरू आदिले उनमा शृङ्गारिक भाव रहेको प्रस्ट हुन्छ । अझ बुलु र चुनु जस्ता बुहारीका झकिझकाउ लुगा र कोठामा सजिएका कृष्ण पत्नीका कल्पनामा रासलीला खेल्न आउलान् भन्ने सोचले पनि सुब्बाभित्र रहेको यौनरुचि र पुरुष कुण्ठालाई प्रस्ट पारेको छ । बन्धुका अनुसार यस उपन्यासमा फ्रायडीय विचारमा बहस भएको छ (२०६७, पृ. १७७) । यसको पात्र रामकान्तले नै बारम्बार फ्रायडका विचारलाई अगाडि सारेको छ ।

## लक्ष्मी कथासङ्ग्रहमा यौनाभिव्यक्ति

*लक्ष्मी कथासङ्ग्रह*को 'गुरु ज्ञानसिंह' कथाका मूल पात्र ज्ञानसिंहको पश्चिमी ज्ञानले गर्दा स्वच्छन्द बन्दै गएको चरित्रका रूपमा चिनाइएको छ । ब्रह्मचर्यमा बसेका ज्ञानसिंह सपनामा आमाले विवाह गर भन्ने आग्रह गरेपछि लक्ष्मीसिंह जस्ता शिष्यको सङ्गतमा परेर बिस्तारै बदलिएका छन् । उनको ब्रह्मचर्यको जीवनशैली र सोचमा परिवर्तन आएको छ । पहिले सधैं माला लिएर राम राम जपिरहने तथा सांसारिक नाताले नखिचोस् भनी सतर्क रहने ज्ञानसिंह बिस्तारै पाश्चात्य ज्ञान र जीवनशैलीमा आकर्षित भएका छन् - "हुँदा हुँदा गुरुले छापा सुन्न लागे, अङ्ग्रेजी साहित्यका टुक्राहरू, अङ्ग्रेजी

उपन्यासहरू र पोपका इतिहासहरू, लक्ष्मीसिंहले विज्ञान र मनोविज्ञानका पनि कुरा सुनाए । आखिर त्यही मान्छे जो मेमसाहेबका चरित्र सुन्न लाग्यो" (पृ. २८) । शिष्य लक्ष्मीसिंहको डाहाडे स्वभावको जालमा फस्न पुगेका ज्ञानसिंहको अचेतनमा रहेको यौन चाहनाले नै आफ्नो सामाजिक रूपमा आदर्श मानिएको चरित्रलाई खसाल्न पुगेको छ । लक्ष्मीसिंहले ज्ञानसिंहको प्रतिष्ठालाई खसाल्न पैसा दिएर रुपखानी जस्ता नारी पात्रलाई उत्प्रेरित गरेको छ ।  अरूको जालमा फस्नुमा ज्ञानसिंहमा रहेको यौनभोक मूल कारक बनेको छ । ज्ञानसिंहले अन्ततः आफ्नो अडानलाई छोडेर सोचेको छ, "के छ संसार आखिर ? एक किसिमले लक्ष्मीसिंह पनि ठिकै छ । स्त्री पुरुष, पुरुष स्त्री, लीला, सिर्जना यही मान्छेभित्र छैनन् परमेश्वर ?" (पृ. ३२) । उनको दबिएको यौन चाहनाको पराकाष्ठाका रूपमा उनले रूपखानीलाई नचाहेरै अँगाल्न पुगेका छन् । बारम्बार मरेकी आमा सपनामा 'बिहे गर बाबु' भन्दै रुनु र बाँझोपन हटाउन आग्रह गर्दै आएकी रूपखानीलाई इन्कार गर्दागर्दै पनि अँगाल्नुबाट उनी अचेतनमा रहेको अतृप्त यौन चाहनाले निर्देशित भएको देखिन्छ ।

त्यसैगरी साहूको ऋण तिर्न नसकेर बेचिनुपर्ने बाध्यता भएकी 'मर्स्याङ्दी' कथाकी मर्स्याङ्दीमा यौनअतृप्तावस्थाले गर्दा पहिले सेते र पछि गुण्डाहरूसित यौन सम्बन्ध राख्न पुगेकी छ । विपन्नताले गाँजेको उसको जीवनमा आर्थिक पक्ष मूल कारण बने पनि उसमा रहेको यौन चाहनाले पनि यस्तो सम्बन्धमा उसलाई अभिप्रेरित गरेको देखिन्छ। 'शिशिली आफ्नो बिहे आफै गर्छिन्' कथाकी शिशिलीमा पनि यौनसन्तुष्टि नभएकै कारण सलिललोचनसँग सम्बन्ध राखी उसैसँग जान बाध्य भएकी छ। यहाँ सामाजिक बन्धनमा रहन नचाहेकी शिशिलीको स्वतन्त्रता यौनिक चाहसँग जोडिएको छ । यौनअसन्तुष्टिले नै शिशिलीले आफ्नो जीवनको फरक निर्णय गरेकी छ । देवकोटाका कथामा मर्स्याङ्दी र शिशिली जस्ता नारी चरित्रले आफ्नो यौन सन्तुष्टिका लागि फरक निर्णय लिएका छन् ।

**बालमनोविज्ञानको चित्रण**

देवकोटाका 'उनको मने' र 'तारा' कथा बालमनोविज्ञानमा लेखिएका छन् । यी कथाले बालकको अबोधपनाको चित्रण गरेका छन् । 'उनको मने' कथामा बालकको पशुप्रेम व्यक्त भएको छ भने 'तारा' कथाले मृत्युको बोध गर्न नसकेकी बालिकाको भावनालाई देखाएको छ । 'उनको मने' कथामा जुनुको पशुप्रेम देखिएको छ । पण्डित स्थिरदेवका घरमा दशैंका लागि ल्याइएको सानु बोकेलाई देखेर सबै केटाकेटी त्योसँग झ्याम्मिन पुगेका हुन्छन् । सानु बोकेलाई आफूसमान व्यवहार गरेका हुन्छन् । बोकेलाई सिन्दुर छर्ने, बोकेजस्तै चारहातखुट्टाले उभिने, त्यसको पुच्छर तान्ने जस्ता क्रियाकलापको चित्रणले बालबालिकाको पशुसँगको मित्रवत् व्यवहार प्रकट भएको छ। अझ बालिका जुनुले बोकेप्रति देखाएको स्नेह विशेष छ। लुकान्त सिपाहीले बोकेलाई पूजा गर्न लैजाँदा जुनुले पनि हातखुट्टाले टेकेर हिँडेकी छ । बोकेलाई बाँधेको बेला सुम्सुम्याउनु र बोकेलाई काट्दा विरोध गर्नु र लुरुकान्तको हात समाउँदै रुनुले उसभित्रको बालसुलभ संवेगको चित्रण गरेको छ। मानवेतर प्राणीलाई आफूसरह व्यवहार गर्नु र साथीका रूपमा राखी उसको मृत्युप्रति संवेदित हुनुले बालबालिकाको मनोविज्ञान र पशुप्रेमलाई प्रकट गरेको छ ।

'तारा' कथामा तारा नामक बालिकाको मनस्थितिको चित्रण गरिएको छ । सानैमा आमा मरेकी ताराले बारम्बार आफ्नो बाबुसँग "आमा खै बा !" भनेर सोधिरहन्छे । सानी छोरीको प्रश्नले बाबु सधैँ संवेदनशील बन्दछन् । ताराले पनि आमा फर्केर आउन सक्दिनन् भन्ने कुरा बुझ्ने भएकी हुन्न । बालिका ताराले आमा नभएको कारण बुझ्न सक्दिन । उसले "आमा आए कस्तो हुन्थ्यो" मात्र भनिरहन्छे । ताराको आमाप्रतिको आकर्षण र मोहले बाबुको हृदय दुःखी हुन्छ । छोरीलाई आमा आउन नसकेको कारण बुझाउन नसक्दा पनि उनमा अझ चोट परेको हुन्छ । एकदिन तारा अचानक बिरामी परेपछि बाबु विक्षिप्त हुन्छन् । डा. मधुसुदनको उपचारपछि तारा बिस्तारै ठिक हुन्छे तर बाबु कोमलप्रसाद विक्षिप्तअवस्थामा नै मृत्युवरण गर्दछन् । यस कथाले एकातिर मृत्युको अवस्था बोध गर्न नसकेकी बालिकाको अवोध मनस्थितिको चित्रण गरेको छ भने अर्कातिर प्यारी छोरी बिरामी हुँदा विक्षिप्त हुन पुगेका बाबुको मनोदशालाई देखाएको छ (घिमिरे, २०६६, पृ. २९४) । बाबुछोरीको प्रियताले कथामा इडिपस कम्प्लेक्सलाई पनि सङ्केत गरेको देखिन्छ । पत्नीको मृत्युपछि छोरीसँग भुलेर जीवन गुजारा गरेको कोमलप्रसाद छोरी बिरामी हुँदा अचानक विक्षिप्त हुन पुग्नु र त्यही विक्षिप्तताका कारण मृत्युवरण गर्नुले उनमा रहेको स्वपीडनको अवस्थालाई पनि सङ्केत गरेको छ ।

देवकोटाले बालबालिकाको मनस्थिति, तिनको अबोधता र निर्दोषितालाई केन्द्रमा राखेर कथा लेखेका छन् । यी कथाहरूले उनी बालमैत्री लेखक तथा तिनका मनस्थिति बुझ्ने स्रष्टाका रूपमा पनि चिनिएका छन् । जुनुले मनेलाई काटेको देख्दा कारुणिक हुनु र त्यसलाई मार्नबाट बचाउने प्रयत्न गर्नुले बालबालिकाको मनोविज्ञानमा र तिनको संवेगात्मक गुण र अवस्थालाई चिनाएको छ । तिनको मनोअवस्थामा विस्तारै विकास आउने कुरा पनि यस कथाले सङ्केत गरेको छ । ताराले मृत्युको सत्य नबुझेकै कारणले एकोहोरो रूपमा आमालाई खोजेको देखिन्छ । स्वजनको विछोडलाई बारम्बार सम्झाउने उसको व्यवहारले बालकको एकोहोरो चिन्तन र आवेगलाई चिनाएको छ ।

## नारीस्वतन्त्रताको मनोविज्ञान

देवकोटाको आख्यानमा नारी चेतना र तिनको मनोविज्ञानलाई महत्त्व दिइएको छ । उनको चम्पा उपन्यासमा चम्पाको स्वातन्त्र्य चेतसँगै यौनिक रुचि पनि मुखरित भएको छ भने 'व्यक्तित्व', 'शिशिली आफ्नो बिहे आफैँ गर्छिन्', 'मर्स्याङ्दी' जस्ता कथाले नारीचेतनासँगै बदलिँदो समयको नारीमनोविज्ञानको चित्रण गरेको छ । पुरुषशासित समाजमा सधैँ दमनमा परेका नारीमा शिक्षासँगै नारीस्वतन्त्रताको चेतना खुल्न थालेको तथ्य देवकोटाका कथाले प्रस्ट पारेका छन् । शिक्षा र चेतनाले गर्दा उनीहरूमा आफ्नो यौन रुचि र वैयक्तिक स्वतन्त्रताप्रति आत्मबल बढेको देखिन्छ । देवकोटाको नारी चेतनालाई प्रश्रय दिने दृष्टिकोण पनि उनका आख्यानमा मुखरित भएको छ भने कतिपय सन्दर्भमा उनमा रहेको स्वतन्त्रताको चेतनालाई पनि उनका यस्ता आख्यानले पुष्टि गरेका छन् । विशेषगरी राणाकालको उत्तरार्धतिरको सङ्क्रमणकालीन समयका नेपाली नारीहरूमा विकसित भइरहेको विद्रोही प्रवृत्तिलाई उनका आख्यानले देखाएका छन् (शर्मा, २०६६, पृ. २४१) । देवकोटाका

आख्यानका नारीहरूले आफ्नो शरीरमाथिको अधिकारलाई सचेततापूर्वक प्रकट गरेका छन् । समाजको परम्परागत सोचका विरुद्ध आफ्नो विद्रोही, स्वतन्त्र र निर्णायक नारी चरित्र प्रस्तुत गर्ने उनका कथाहरू 'व्यक्तित्व' र 'शिशिली आफ्नो बिहे आफैँ गर्छिन्' हुन् ।

'व्यक्तित्व' कथामा नारीस्वतन्त्रताकी नेतृत्वदायी व्यक्तिका रूपमा बिजुलीलाई उभ्याइएको छ । यस कथाले परम्परागत समाजको विरुद्ध नारीचेतनाको शक्तिशाली प्रस्तुति दिएको छ । कथामा जुझारू नारीहरूको समूह छ जसको नेतृत्व बिजुलीले गरेकी छ । टी पार्टीमा उनीहरूको जमघट र वैयक्तिक स्वतन्त्रताका विषयमा बहस हुन्छ । यस बहसमा बिजुलीले आफ्नो अस्तित्व र स्वतन्त्रतालाई चिनाउँदै आफ्नो विगतलाई सम्झिन पुग्छे । उसले आफूलाई कुनै पनि हिचकिचाहटबिना पोइल गएको तथ्य उजार गर्छे र आफ्नो यौनिक रुचि र वैयक्तिक स्वतन्त्रताका लागि आफ्नो चाहनाअनुसारको केटो खोज्न सकिने विचार व्यक्त गर्छे । उसले आफ्नो परिचयमा भनिदिन्छे, "म पोइलो जाने कल्पनादेखि घिनाउनुसट्टा खास पोइलो गएकी नारी हुँ, पतिता है ?" (पृ. ७६) । बिजुलीको यो अभिव्यक्ति र व्यवहार फ्रान्सेली नारीवादी विचारक जुलिया क्रिस्टेभाको मतसँग मिल्दो छ । क्रिस्टेभाका अनुसार पुरुषको जस्तो स्वभाव भएका वा चरित्रहीन नारीको उपमा दिने पुरुष समाजको विरुद्ध जुध्नका लागि महिलाहरू आफूलाई जबरजस्ती त्यस्तै रूपमा बदलिदिन्छन् (उप्रेती, २०६९, पृ. २३९) । देवकोटाका कथाका बिजुली, शिशिली जस्ता जुझारू नारी पात्रले आफूलाई नै बेस्से घोषणा गरेका छन् । बिजुलीले नारीस्वतन्त्रताको पक्षमा बहस गर्दा र आफ्नो परिचय दिँदा मन नपराएकी परा नामकी पात्रले नपुंसक बुढो लोग्नेले आफूलाई धोका दिई दोस्री पत्नीका रूपमा बिहे गरेको थाहा पाएपछि आफ्नो यौन अधिकारका लागि अझ बेजोड तर्क दिँदै घर छोडेर हिँडेकी छ । पहिली पत्नीको मृत्युपछि घरकी सहयोगी नौलीसँग बारम्बार यौन सम्बन्ध राख्ने गरेको उसको लोग्नेले बिजुलीलाई चरित्रहीन भनी आरोप लगाउँछ र परालाई तिनको समूहमा नजान धम्क्याइरहन्छ तर नौलीबाट लोग्नेको वास्तविकता थाहा पाएपछि पराको सोच परिवर्तन भएको छ । जातीयताका कारणले नौलीलाई दोस्री पत्नी स्वीकार गर्न नसकेको उसले बिरामी भई नपुंसकताको स्थितिमा पुगेपछि परालाई उसका सन्तान रेखदेख गरिदिने सहयोगीका रूपमा भित्र्याएको छ र आफू ब्रह्मचर्यमा रहेको ढोङ गरी बसेको छ । परम्परागत समाजले जकडेको विचारमा नियन्त्रित भएकी परालाई एकाएक परिवर्तन हुन बिजुलीको सहासी व्यक्तित्व त उत्प्रेरक बनेको छ नै यसका साथै जीवनमा लोग्ने भनाउँदोले दिएको धोकाले पनि उसलाई स्वतन्त्रताको चाहना र यौन अधिकारका लागि विद्रोही बन्ने आँट आएको छ । यस कथाका नारीहरूले नेपालमा विकसित 'चरित्रहीन चेलीहरू' संस्थालाई सम्झाउँछन् भने कथाकी बिजुली पात्र देवकोटाको सुलोचना महाकाव्यकी बिजुली (सुलोचनाकी नन्द) जस्ती चेतनशील लाग्दछे (एटम, सन् २०१२, पृ. ७५) । कथामा नारीको व्यक्तित्व र स्वतन्त्रतालाई बुझाउन बिजुलीको विचार यसरी प्रकट भएको छ :

> कति छन् स्त्रीहरू जसमा व्यक्तित्व छैन । ममा त्यो व्यक्तित्व थियो म उत्रैं । मलाई समाज पतिता भन्ने थियो । मेरो पुरुषको व्यक्तित्वद्वारा म विश्वको मुखमा बट्टा लगाएर समाजको अरू चढ्दो बढ्दो आदरपात्रिका छु । व्यक्तित्व भनेको जीवन हो । मनुष्यत्व हो । यसको

> अभाव रोग र मृत्यु हो । हामीमा आफ्नो आत्मालाई खराब परिस्थिति, मिथ्या पुरुषत्व तथा झूट परम्पराबाट छुटाउन सक्ने सामर्थ्य चाहिन्छ । त्यो सामर्थ्य ममा थियो, म उत्रैं । मेरो जीवन बन्यो । यसलाई कसैले अशुद्धि भन्न सक्तछ ? भन्नेहरूको समाजलाई म तिरस्कार र त्याग गर्दछु । (पृ. ७७)

महिलाले आफ्नो स्वतन्त्र जीवन कसरी पाउन सक्छे भन्ने उदाहरण पनि आफै बनेर बिजुलीले नारीलाई मानिस भएर बाँच्न प्रेरित गरेकी छ । त्यसैगरी 'शिशिली आफ्नो बिहे आफैँ गर्छिन्' कथामा नारीले परिवारको आदेशमा बाँच्न बाध्य हुनुपर्ने अवस्थाका विरुद्ध शिशिलीमा उत्पन्न भएको लैङ्गिक चेतना प्रस्तुत भएको छ । लठेब्रो केटोसँग विवाह गराइएकी शिशिलीले उसलाई अस्वीकार गरेर पनि पतिको घरमा नै बसेकी छ । उसले परिवारले गरेको निर्णयमा विरोध जनाउन यस्तो व्यवहार देखाएकी छ । आत्महत्याको बाटो छोडेर ऊ घरमा नै सङ्घर्ष गर्दै बाँचेकी छ तर पतिलाई आफ्नो शरीर छुन पनि दिएकी छैन । पतिबाट छुटकारा पाउन उसले आफूलाई बेस्या घोषणा गरेकी छ । त्यसपछि उसले सबैलाई चुनौती दिँदै आफूले मनपराएको केटा सलिललोचनसँग हिँडेकी छ । कथामा उसको विद्रोह यसरी बोलेको छ, "हामी पुतली खेलाउने ? हाम्रो स्थान छैन संसारमा ? हामी के छोरी भएर जन्मँदै, हाम्रो मानवता गयो ?" (पृ. ४०) । आफ्नो जीवनमा कसैले हस्तक्षेप गरेको मन नपराउने शिशिली आफ्नो बाटो आफैँ बनाउँछे । उसले कार्तिकवीरलाई छोडेर सलिललोचनसँग बिहे गर्ने घोषणा गर्छे । उसको स्वतन्त्रताबोधी व्यक्तित्वलाई चिनाउँदै कथाको अन्त्यमा समाख्याताले भनेका छन् - "धेरै आँखा छन् यहाँ जो नैतिक सत्यको क्रियामा तेरो अधःपतनको विषालु फल फलेको देख्न चाहन्छन् । तर स्याबास ! ती स्त्रीमध्ये तँ बहादुर होस् ! नमस्कार आधुनिकताकी देवी ! नमस्कार !!" (६०) ।

*चम्पा* उपन्यासकी चम्पामा पनि आफ्नो अस्तित्वप्रति केही रूपमा चेतना सुरु भएको छ । उसले उपन्यासमा आफ्नो रोजाइअनुसारको केटो नपाएकोमा विद्रोहभाव देखाएकी छ । असहमतिको विवाह भए पनि परिवारको निर्णयलाई स्वीकार गर्न बाध्य भएकी चम्पाले यौन सम्बन्ध राख्न बर्जित गरिएको पतिको समीप पुग्ने र त्यसका लागि आफ्नो अपेक्षा रहेको व्यवहार देखाउनुले ऊ आफ्ना चाहना र अधिकारप्रति सचेत रहेको देखिन्छ । यसका साथै उपन्यासमा समाख्याताले उसको मातृत्व अधिकारका पक्षमा बारम्बार बहस गरेका छन् । उसको पति रामकान्तले समेत चम्पालाई डल्ला फोरिएकी ऊर्वरा भूमिका रूपमा चित्रण गरेको छ । यसले गर्दा उपन्यासमा चम्पाको अधिकारका विषयमा चेतनामूलक विचार प्रकट भएको छ । त्यसैगरी चम्पालाई रामकान्तले कीचक नाउँ दिएकोमा उसले त्यस नामप्रति असन्तुष्टि व्यक्त गरेकी छ । समाजमा पुरुषहरूले आफ्नी पत्नीलाई दिने गरेको अपमानजनक नामप्रति उसलाई सहमति छैन, "के नाम राख्या' होलान् छिः ? नेप्टी रे, चेप्टी रे, आलु रे, ग्वाङ्रे रे, डेब्री रे, - नेपालमा सुवासिनी मान्छेलाई चौपट्ट हेलाँ गर्छन् बा !" (पृ. ४२) । महिलाका नाममा समेत सम्मानजनक शब्द चयन गर्न नचाहने पितृसत्तात्मक समाजले महिलालाई घरभित्रै जेल बनाएकोमा पनि चम्पालाई आपत्ति रहेको छ । उपन्यासको अन्त्यमा आफ्नो विचार र अस्तित्वलाई सम्मान नगर्ने परिवारसँग सँगै बस्न नसक्ने निर्णय गरेकी चम्पाले आफ्नो

स्वतन्त्रताको बाटो रोजेकी छ । आफ्नो गन्तव्यलाई स्पष्ट पार्न नसकेकी चम्पाको व्यक्तित्वलाई पूरा गर्न देवकोटाले सोही समयतिर लेखिएको कथामा शिशिली नारीपात्रको निर्माण गरेका होलान् भन्ने सङ्केत चूडामणि बन्धुले गरेका छन् (बन्धु, २०६७, पृ. १७७) । जे होस् देवकोटाको आख्यान लेखन नारीचेतनाको उजागर गर्ने उद्देश्यमा केन्द्रित देखिन्छ ।

## मानसिक चोट र पागलपनको अभिव्यक्ति

देवकोटाका आख्यानमा कतिपय पात्रहरू असह्य मानसिक चोट, बेदना आदिले पागलपनको स्थितिमा पुगेका छन् । उनका कतिपय पात्रहरू छोराछोरीको गम्भीर रोग, मृत्यु तथा अस्वाभाविक परिस्थितिका कारण अभिघातमा पुगी असामान्य भएका छन् । मानसिक चोटमा परेका व्यक्तिहरू सामाजिक मान्यता, परिवार र दुर्घटनालाई सामञ्जस्य गर्न नसकेर पागल भएका छन् । छोराछोरीलाई रोग लागेको देखेर र उनीहरूको मृत्यको पीडा सहन नसकेर बहुलाउने पात्रहरू 'तारा' र 'अजिमा' कथामा छन् । 'तारा' कथामा कोमलप्रसाद आफ्नी छोरी तारा सिकिस्त बिरामी परेपछि पागल भएका छन् । पत्नी पहिले नै गुमाएका उनले छोरी सिकिस्त परेपछि विक्षिप्त बन्दै गएका छन् । दिनदिनै परिवर्तन हुँदै गएको उनको स्वास्थ्यावस्थालाई डाक्टरको जिज्ञासमा छिमेकीले यसरी चिनाएका छन् :

> कहाँ पहिले त के भन्नुपऱ्यो अब । पुराण बाच्न, ठट्टा गर्न, कसले पो भेट्टाउने हो नाइँ । बजै स्वर्ग भएदेखि झोक्राएर रहनुहुन्थ्यो, उस्तो बोल्नुहुन्नथ्यो । तर तारा नानीको चोट परेपछि वाक्यै बन्द । टोलाउँछन् । उहुँ बोल्ने हैनन् । बराबर निस्सासिएझैँ गर्छन् (पृ. १३५-१३६) ।

कोमलप्रसादको मनमा गढेको चोटका कारण उनी निको हुन सक्दैनन् । बिरामी भएकी छोरी तारा तङ्ग्रिए पनि उनी निको हुँदैनन् । कोमलप्रसाद पत्नी वियोग र संभावित पुत्री वियोगको त्रासले आघातीत भई बहुलट्ठीपनसँग जीवन छोड्छन् । यसप्रकार अभिघातले मानसिक मात्र नभई शारीरिक ध्वंशसमेत गर्छ भन्ने कुराको सङ्केत देवकोटाका कथामा पाइन्छ (एटम, सन् २०१२, पृ. ८१) । देवकोटाको 'अजिमा' कथामा पनि सन्तानको मृत्युले अभिघातीत भएका अभिभावकको मानसिक स्थितिको चित्रण गरिएको छ । पं. अणिमानाथ र पत्नीको अनेक प्रयत्नमा जन्मिएको प्रिय सन्तान मुकुन्द सिकिस्त बिरामी परेपछि अनेक उपचार गरिएको छ । गुभाजू, वैद्य, डाक्टर कसैले पनि उपचार गर्न नसकेपछि पण्डितलाई मानसिक आघात परेको छ । पत्नीले छोराको उपचारमा अनेक प्रयत्न गरिरहँदा उनी टोलाइरहेका हुन्छन् । अझ पाठशालामा उल्टो कुरा पढाउन पुग्छन् । मेघदूत पढाइरहँदा रघुवंशको श्लोकको अर्थ लगाउँछन् । यहाँ सन्तानको पीडा भुल्न उनले रघुवंशका श्लोकलाई सम्झिन पुगेको देखिन्छ । छोराको उपचारमा डाक्टर बोलाउन गएका उनी बाटामा हात हल्लाउँदै, टाउको ठोक्दै, बर्बराउँदै हिँड्छन् । डाक्टरले सोधेका प्रश्नमा अनौठा उत्तर दिन्छन् । पण्डितका असामान्य क्रियाकलापले उनको बहुलट्ठीपनलाई चिनाएको छ । प्रिय सन्तानको वियोगबाट सिर्जित अतिसय चोटले अभिघातीत हुन पुगेका कारण पण्डित बहुलाएका छन् । उनले आफ्नै पत्नीलाई छोरो मारेको आरोप लगाएका छन् - "यो डङ्किनी आमा ! यस अलच्छिनीले छोरो पोलेर

खाई" (पृ. १७०) । कथामा निमोनिया भएर मरेको छोराको चोट सहन नसकी पण्डित बहुलट्ठी भएका छन् । यस कथामा प्रस्तुत भएको यो चित्रणले देवकोटाको आफ्नै जीवनमा जोडिएको घटनालाई पनि सम्झाएको छ । उनका छोरा प्रकाश बिरामी परेका बेला डाक्टर बोलाउन होस नभएको र अरूको आदेशमा जाँदा पनि खाली हात फर्किएको प्रसङ्गले यहाँ देवकोटाको पागलपनलाई पनि सङ्केत गरेको छ । छोरो गुमाउन पुगेका देवकोटाको जीवनको केही सत्य यस कथाले पनि उजागर गरेको देखिन्छ ।

'बङ्गाली बाबू' कथामा हँसीमजाकका लागि ख्यालख्यालमा नचाइएको नाङ्गो खुकुरीलाई देख्दा असुरक्षित महसुस गरी बङ्गाली फणीन बाबू बेहोस भएका छन् । म पात्रले फणीन बाबूलाई ठट्टैठट्टामा देखाएको खुकुरीले उनको मनस्थितिलाई असन्तुलित बनाएको छ । यो घटनापछि उनी बारम्बार मूर्च्छा पर्न थालेको हुनाले नेपालबाट फर्किन पुगेका छन् । नेपालको रमणीयता र नेपालीको सजातीयता वर्णन गरेर श्री ३ बाट हुकुमपर्माङ्गी ल्याई नेपालमा व्यापार गर्ने योजना बनाएका उनी यही चोटका कारणले फर्किन बाध्य भएका छन् । बङ्गाली परिवारसँग आत्मीय बनिसकेको मपात्रले आफूले गरेको गल्ती महसुस गरी माफी मागे पनि फणीन बाबूले कलकत्तामा भेटिएका मपात्रलाई चिन्न नसकेको सन्दर्भले उनमा निर्मित गहिरो चोटलाई चिनाउँछ - "फणीन बाबूले मेरो मुख हेरे । मलाई स्पष्टतया चिने हुन् तर उनले नचिनेझैँ उत्तर दिएनन्" (पृ. ७२) । बङ्गालीलाई गोर्खाली खुकुरीले तर्साउन नखोजे पनि त्यसको भयानकतादेखि मात्र नभएर काठमाडौँबाट मधेशमूलका मान्छेलाई प्रशासनले नै खेद्दै गरेको सन्दर्भ पनि जोडिएर फणीनको नर्भस हुने बानीमा थप कारक बनेको छ । यसले गर्दा उसमा भय सिर्जना भएको देखिन्छ ।

'तीज' कथाको पं. रमाकान्त दुई सय रुपियाँ घुस लिँदा अफिसमा समातिएको छ र सफाइ पाए पनि आफ्नो इमान गुमेको गहिरो चोटमा असन्तुलित बन्न पुगेको छ । छोरीलाई तीजमा दर पठाउने पैसा नभएपछि पत्नीको दबाबले घुस खान बाध्य भएको रमाकान्तले बारम्बार 'दुई सय रुपियाँ भोलिलाई...' भन्दै भट्याइरहनु उसको असन्तुलित मनको उपज हो । त्यसैगरी 'घरेलु धर्म'की रमा ईश्वरभक्तिको अतिसय लतमा डुबेर सन्तानको रेखदेख गर्न सकेकी छैनन् । सन्तानको मृत्युलाई समेत प्रभुको बोलावट भन्दै हाँस्न पुगेकी उनको मनस्थिति धर्मको अन्धताले एकोहोरिएको देखिन्छ । घरका व्यावहारिक पक्षभन्दा भजन कीर्तनमा बढी समय दिने उनले धर्मको अन्धताले उनलाई असामान्य बनाएको छ । 'मर्स्याङ्दी' कथाको सेते आफ्नी प्यारी मर्स्याङ्दी र बच्चुको अन्त्य सहन नसकी धारिलो हतियारले खप्पर फोरेर मर्छ । नेपालमा चलेको दासप्रथाको समयलाई आधार बनाएर लेखिएको यस कथामा बच्चु र मर्स्याङ्दीलाई फुकाउन प्रयत्न गरेको सेते उल्टै चोरीको आरोपमा जेल परेको छ र छुटेर आउँदा उनीहरूको मृत्यु हेर्न विवश भएको छ । बाँधा भएर अरूको घरमा बस्न बाध्य भएका उनीहरू मृत्युपछि मात्र मुक्त भएको भयानक घटना कथामा छ ।

*चम्पा* उपन्यासको पढन्ते रामकान्त टिबी रोग लागेपछि किताब च्यातेर अध्यात्मतिर लाग्नु र पछि घर छोडेरै हिँड्नु उसमा परेको मानसिक चोटको परिणाम हो । यसैगरी उमेर पुगेकी चम्पाले आफ्नो

पतिसँग यौनसम्बन्ध राख्न नपाउँदा कृष्णको मूर्ति नै स्थापना गरेकी छ । अत्यधिक शृङ्गार गर्नु, घरका सदस्यसँग सधैँ झर्कोफर्को गर्नु, तस्बिरसँग कुरा गर्नु आदि व्यवहार उसका मनका चोटसँग जोडिएका छन् । यस्ता व्यवहारले चम्पामा पनि अभिघातीत मनस्थिति रहेको देखिन्छ । देवकोटाका आख्यानमा अनेक प्रकारका चोटबाट सम्हालिन नसकेका पात्रको पागलपन चित्रित छ । यस्तो पागलपन मनको सन्तुलन बिग्रिन पुगेका कारण जन्मेको हो । मनोरोगीका रूपमा रहेका यस्ता पात्रको बहुलट्ठीपनलाई आख्यानकार देवकोटाले सफल रूपमा चित्रण गरेका छन् ।

**लकानेली कल्पनाशीलता**

उत्तरसंरचनावादी चिन्तक ज्याक लकानले फ्रायडेली मनोविश्लेषणको पुनर्व्याख्या गर्दै पात्रको अचेतनतालाई भाषा र स्वैरकल्पनासँग जोडिदिएका छन् । लकानका अनुसार एकत्व र पृथकताको काल्पनिकी पात्रको मनोविज्ञानमा निर्माण भइरहन्छ (उप्रेती, २०६९, पृ. १६९) । देवकोटाका आख्यानमा कतिपय पात्रको मनस्थिति र अभिव्यक्ति लकानेली मनोविश्लेषणसँग मेल खाने देखिन्छ । चम्पाले रामकान्तसँग ऐकान्तिक क्षण बिताउन नपाउँदा कृष्णको स्वरूपसँग गरेका कल्पनाबाट उसको मनमा भ्रम सिर्जना भएको छ । ऊ आफू र कृष्ण वा रामकान्तमा फरक नदेख्ने भएकी छ । नराम्रो व्यक्तित्वको रामकान्तलाई उसले फिल्मको हिरोका रूपमा कल्पना गरेकी छ । यसैगरी उसले रामकान्तलाई घृणा गर्दागर्दै पनि पटकपटक चाहेकी र घर छोडेर हिँड्दा बरू घरवैरागी भएको बेस भन्नुले उसले आफ्नो विचार र भाषामा स्पष्ट दृष्टिकोण निर्माण गर्न नसकी भ्रममा रहेको देखिन्छ । रामकान्तलाई मन नपराउँदा नपराउँदै पनि उसको साथमा आफ्नो अस्तित्व देख्नुले उसको सोच भ्रमपूर्ण भएको छ । उसले आफू को हुँ र कुन निर्णयमा हिँड्छु भन्ने स्पष्टता पाउन नसकेको देखिन्छ । जीवनमा कल्पना र वास्तविकताको सम्बन्ध अविभाज्य हुन्छ भन्ने लकानको मान्यता ( इभान्स, सन् १९९६, पृ. १८-१९) जस्तै चम्पाका जीवनमा पनि यस्ता विषय जोडिँदै आएका छन् । चम्पा कहिले आफूलाई कैदी सम्झिन्छे त कहिले अप्सरा । उसको जीवन शक्तिको दमन तथा अस्तित्वको द्वन्द्वमा चिप्लिइरहेको छ ।

उपन्यासमा चम्पाले घरलाई जेल र आफूलाई सडकमा काम गर्ने कैदीझैँ सम्झेकी छ, “वचनका कोर्रा खानु उस्तै । खिसिटेप्ली उस्तै । कैदीहरू सडक पेल्छन्, बुहारीहरू मस्यौटो” (पृ. ४६) । फेरि सोही घरमा ऊ रामकान्तलाई देख्दा आफूलाई अप्सरा, हेलेन र द्रौपदीसँग तुलना गर्न पुग्छे । उपन्यासको अन्त्यमा घर छोडेर हिँड्ने बेलामा पनि उसको गन्तव्य स्पष्ट भएको छैन । जुझारु र आक्रामक हुँदाहुँदै पनि उसले आफ्नो अस्तित्वमा ढुलमुले रूप धारण गरेकी छ । चम्पाले विवाह भएर गएको घर र रामकान्तसँग काल्पनिक सम्बन्ध राखेकी छ कहिले हो जस्तो कहिले होइन जस्तो । लकानको मतमा सङ्केतित र सङ्केतकको अन्तहीन शृङ्खला चिप्लिइरहेझैँ चम्पाको मनमा परिचय र सम्बन्धका शृङ्खला चिप्लिएका छन् । यस उपन्यासको रामकान्त पनि कहिले शङ्कराचार्यको दर्शन त कहिले फ्रायडका सिद्धान्त पढ्न थाल्छ । जीवन भोग वा त्याग के हो भन्ने भ्रमपूर्ण द्वन्द्वमा ऊ पटकपटक रुमलिएको छ । यसैगरी ‘अजिमा’ कथाको पात्र पं. अणिमानाथ डाक्टर र वैद्यको

उपचार विधिमा सधैं द्वन्द्वमा रहन्छ अनि उसका विश्वासहरू चिप्लिइरहन्छन् । गुभाजुलाई सम्मान गरे पनि उसको उपचार पद्धतिमा विश्वास गर्दैन तर डाक्टर बोलाउन जाँदा बिर्सिएर टाउको ठोक्दै फर्किन्छ । छोरालाई गुभाजुले हेर्न लागेको पाँच दिनपछि बल्ल छोराको खोजखबर गरी डाक्टर बोलाउन जाने पण्डितसँग देवकोटाको आफ्नै स्वभाव मिल्छ पनि भन्ने गरिएको छ (बन्धु, २०६७, पृ. १७०) । झारफुकमा रहेको जनविश्वासलाई विरोध पनि नगर्ने अनि विश्वास पनि नगर्ने व्यवहारले पण्डित सकसमा परेको छ । आफ्नो छोराको उपचारमा ऊ पटकपटक भ्रममा परिरहन्छ र केही गर्न नसक्ने बन्छ । कथाका पात्रहरू गुरु ज्ञानसिंह, शिशिली, बिजुली आदिमा पनि भ्रमपूर्ण काल्पनिकीको यो तह देखिन्छ । देवकोटाका पात्रका विश्वास र व्यवहारका पक्षहरू बारम्बार चिप्लिइरहने अचेतनमा पुगेका देखिन्छन् ।

## निष्कर्ष

आख्यानकार देवकोटाले *चम्पा* उपन्यास र *लक्ष्मी कथासङ्ग्रह*का अधिकांश कथामा पात्रको मनस्थितिको सूक्ष्म विश्लेषण गरेका छन् । देवकोटाको लेखन मूलतः सामाजिक यथार्थका विषयमा केन्द्रित भए पनि समाजका अन्धमान्यता र समाजविकासका विरोधी व्यवहारका विरुद्ध चेतनशील आवाज निर्माण गर्ने उद्देश्यअनुसार लेखिएका छन् र उनले आख्यानमा त्यस्ता चरित्रको मनस्थितिलाई चित्रण गरेका छन् । सामाजिक व्यवहारमा अप्ठेरोमा परेका, परम्परागत सोचले अगाडि बढ्न नसकेका, गरिबी र अनेक वैयक्तिक समस्याले उल्झनमा परेका पात्रहरूको मनोविज्ञानलाई केलाउँदै आख्यानको निर्माण गर्ने कला देवकोटामा पाइन्छ । उनका पात्रहरू सामाजिक र वैयक्तिक समस्याहरूका कारण अनेक मनोवैज्ञानिक उल्झनहरू र भ्रमपूर्ण काल्पनिकीमा परेका छन् । पितृसत्तात्मक समाजले गरेको शोषण र विभेदले नारीमाथि भएका अनेक हिंसाहरू तथा नारीले आफ्नो अधिकारका लागि निर्माण गरेका विद्रोही आवाज मात्र होइन परम्परागत सोच र प्रतिकूल स्वास्थ्यका कारण अनेक समस्यामा परेका पुरुषका मनस्थितिको विश्लेषण देवकोटाका आख्यानले गरेका छन् । समाजका जटिलता र समस्यालाई पात्रका मनोविज्ञानका माध्यमबाट रोचक रूपमा उठाई तिनको संबोधन गर्न सकिन्छ भन्ने विश्वास देवकोटाको आख्यान लेखनमा रहेको छ । अवैज्ञानिक सोच र दृष्टिकोणमा विश्वास राख्ने परम्परागत समाजमा वैज्ञानिक दृष्टिको चेतना निर्माण गर्नका लागि पनि देवकोटाले अनेक रोगले समस्यामा परेका अभिभावकका मनस्थितिलाई खोतलेका छन् । विज्ञानले विकास गरेको उपचार पद्धतिभन्दा परम्परागत सोचमा जकडिएको समाजलाई सचेत बनाउन उनले सन्तान गुमाउन पुगेका अभिभावकको असन्तुलित मनोदशालाई चित्रण गरेका छन् ।

समाजमा लैङ्गिक सन्तुलन कायम गर्न दबाइएका महिलाको आवाजलाई मुखरित गर्नुपर्ने उद्देश्यका साथ देवकोटाले नारी मनोविज्ञानलाई खोतल्न पुगेका छन् । आफ्नो अस्तित्व र अधिकारका लागि सचेत हुन थालेका तत्कालीन समयका शिक्षित नारीमा विद्रोही स्वर उराल्दै तिनले आफ्नो शरीर र यौनमाथि खोजेको अधिकारलाई लेखकले खोतलेका छन् । देवकोटाले समाजमा पुरुषको यौनभोक र

विक्षिप्तिका विरुद्ध पनि विभिन्न पात्रका माध्यमबाट सचेत बनाएका छन् । उनका आख्यानका चम्पा, शिशिली, बिजुली, परा, मर्स्याङ्दी जस्ता नारी चरित्रले आफ्नो यौनचाहना र स्वतन्त्रताको वकालत गरेका छन् भने रामकान्त, सुब्बा श्रीकान्त, ज्ञानसिंह, साहिँला बाजे (पराको लोग्ने), पण्डित (मर्स्याङ्दी कथाको पात्र) जस्ता पुरुष पात्रका व्यवहारमा यौनका अनेक रूप प्रकट भएका छन् । त्यसैगरी कोमलप्रसाद, फणीन बाबू, पं. अणीमानाथ, पं. रमाकान्तका मनमा परेको गहिरो चोटले उनीहरू अभिघातीत बनेका छन् । तारा र जुनुजस्ता बालपात्रको मनोविज्ञानलाई पनि आख्यानकारले कथामा केलाएका छन् ।

लक्ष्मीप्रसाद देवकोटा पात्रको मनोविज्ञानलाई सूक्ष्म रूपमा केलाई समाजको अवस्थालाई बोध गराउन सक्ने सामाजिक आख्यानकार हुन् । उनका आख्यानका पात्रहरू समाजको परम्परित सोचका विरुद्ध सचेत भएका, सामाजिक न्याय र वैयक्तिक स्वतन्त्रताप्रति जागरुक भएका देखिन्छन् । यसका साथै उनका पात्रहरू विभिन्न परिस्थितिका कारण आइपरेका असामान्य अवस्थाबाट चोटपूर्ण बन्न पुगेका पनि छन् । यस दृष्टिबाट देवकोटा सामाजिक आख्यानमा पात्रको मनस्थितिको सूक्ष्म चित्रण गर्ने सफल आख्यानकार बनेको पुष्टि हुन्छ ।

## सन्दर्भ सामग्री सूची


उप्रेती, सञ्जीव (२०६९), *सिद्धान्तका कुरा,* चौथो संस्करण, अक्षर क्रियसन्स नेपाल ।

एटम, नेत्र (सन् २०१२), देवकोटाका आख्यानमा प्रयुक्त अन्तर्वस्तु र शिल्प, *जेएमसी रिसर्च जर्नल.* २/१, पृ. ७०-९१ ।

घर्ती, दुर्गाबहादुर (२०६७), *मनोविश्लेषणात्मक नेपाली उपन्यासमा पात्रविधान,* साझा प्रकाशन ।

घर्ती, दुर्गाबहादुर (२०७९), साहित्यमा मनोविश्लेषणको समकालीन सन्दर्भ, *रत्न बृहत् नेपाली समालोचना (भाग ३),* (सम्पा. राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम), रत्न पुस्तक भण्डार. पृ. १६३-१७६ ।

घिमिरे, कृष्णप्रसाद (२०६६), देवकोटाका कथामा पाइने मनोवैज्ञानिकता, *तन्नेरी,* ३१२/३, पृ. २९१-२९८ ।

देवकोटा, लक्ष्मीप्रसाद (२०७४), *चम्पा,* मञ्जरी पब्लिकेसन ।

देवकोटा, लक्ष्मीप्रसाद (२०७४), *लक्ष्मी कथासङ्ग्रह,* मञ्जरी पब्लिकेसन ।

बन्धु, चूडामणि (२०६७), *देवकोटा,* चौथो संस्करण, साझा प्रकाशन ।

लामिछाने, शङ्कर (२०२८), *बिम्ब-प्रतिबिम्ब,* पुस्तक संसार ।

शर्मा, बिन्दु (२०६६), फेमिली थेरापीः चम्पा उपन्यासका सन्दर्भमा, *तन्नेरी,* ३१२/३, पृ. २३७-२४४ ।

Freud, S. (1989). *The Freud reader*. Ed. Peter Gay. WW Norton & Company.

Evans, D. (1996). *An introductory dictionary of Lacanian psychoanalysis*. Routledge.

Lacan, J. (1997). *Ecrits: A selection*. Trans. Alan Sheridan. WW Norton & Company.